आज मिति २०७९/०७/१५ गते मंगलवारका दिन जिल्ला निर्वाचन सुरक्षा समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री गोपालप्रसाद अर्यालज्यूको अध्यक्षता एवं मुख्य निर्वाचन अधिकृत श्रीमान् ध्रुव कुमार शाहज्यूको विशेष उपस्थितिमा यस कञ्चनपुर जिल्लास्थित विभिन्न राजनैतिकदलका प्रमुख/प्रतिनिधिज्यूहरु सहितको उपस्थितिमा निर्वाचन सुरक्षा तथा निर्वाचन आचार संहिता लगायतका विविध विषयहरुमामा छलफल गरी निम्नानुसार निर्णय गरियो।

**निर्णय नं. १**

आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न नेपाल सरकार तथा निर्वाचन आयोगबाट प्राप्त मार्गदर्शन अनुरुप जिल्लामा सुदृढ सुरक्षा व्यवस्था मिलाइएको, सबै सरोकारवालाहरुबाट जिल्लामा शान्ति तथा सुव्यवस्था कायम गर्ने कार्यमा सकारात्मक सहयोग प्राप्त भइरहेको र आगामी दिनमा पनि चुस्त दुरुस्त र सुदृढ सुरक्षा व्यवस्था कायम राख्न जिल्ला सुरक्षा समिति प्रतिबद्ध रहेको कुरा प्रमुख जिल्ला अधिकारीज्यूबाट बैठकमा जानकारी गराइयो।

**निर्णय नं. २**

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउने कार्यमा सबै राजनैतिक दलहरुले आ-आफ्नो स्थानबाट सकारात्मक भूमिका निर्वाह गर्ने, निर्वाचन आचार संहिताको पूर्ण पालना गर्ने तथा यस प्रयोजनका लागि आफ्ना शुभेच्छुक एवं भातृ संघ संगठनहरुलाई अनुशासित र रचनात्मक बनाउनका लागि दलहरुको तर्फबाट प्रतिबद्धता व्यक्त गरियो।

**निर्णय नं. ३**

निर्वाचन प्रचार प्रसारको क्रममा कुनै अप्रिय स्थिति आउन नदिनको लागि आवश्यक समन्वय र सहजीकरण गर्न निर्वाचन (सुरक्षा व्यवस्थापन )निर्देशिका, २०७८ को दफा ५ को उपदफा ३(ङ) को व्यस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा निकायका प्रमुख र सबै राजनैतिकदलका एक/एक जना प्रतिनिधिहरु रहेको एक निर्वाचन सुरक्षा सहजीकरण कार्यदल गठन गर्ने। सो कार्यदलमा आ-आफ्नो राजनैतिकदलको तर्फबाट रहने प्रतिनिधिहरुको नाम, ठेगाना र फोन नम्बर सहितको विवरण सम्बन्धित दलहरुले यथाशिघ्र जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने।

**निर्णय नं. ४**

निर्वाचन आचार संहिताको अनुगमन कार्यलाई प्रभावकारी बनाउने।